**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख १९ गते**

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरमा नयाँ पीसीआर मेशिन वैशाख १९ गते जडान भएको छ । प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरमा सञ्चालनमा रहेको पीसीआर मेशिन प्राविधिक समस्या आएको कारण कोभिड- १९ सम्बद्ध स्वाब परीक्षणमा समस्या उत्पन्न भएको थियो । उक्त समस्यालाई मध्यनजर गर्दै अर्को पीसीआर मेशिन ल्याइएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिनु भयो । आजैदेखि स्वाब परीक्षणको कार्य सुचारु हुने वैशाख १९ गतेको मिडिया ब्रिफिङ्मा उहाँले जानकारी दिनु भयो ।

प्रदेशमा वैशाख १९ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ हजार ३ सय ८५ जनाको स्वाब सङ्कलन गरिएकोमा १ हजार ९ सय १० जनाको रिपोर्ट आएको छ । जसमा १ हजार ८ सय ९८ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १२ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले जानकारी दिनु भयो । ४ सय ७५ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

त्यसैगरी, वैशाख १९ गतेसम्म आरडीटी किटबाट परीक्षण ५ हजार १ सय ६१ जनाको गरिएकोमा ५ हजार १ सय ५१ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

प्रदेशमा क्वारेन्टाइन सङ्ख्या १ सय ७४ रहेकोमा ३ हजार ९ सय ६७ क्वारेन्टाइन बेड रहेको छ । वैशाख १९ गतेसम्म १ हजार ४ सय ५९ जना क्वारेन्टाइनमा रहेका छन् भने ४ हजार ६ सय १४ जना होमक्वारेन्टाइनमा रहेका छन् ।

कोरोना आशङ्का गरिएका २४ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय ६७ रहेको छ।

वैशाख १९ गते प्रदेशमा ७५ जनाको स्वाव सङ्कलन गरिएको छ भने ७० जनाको आरडीटी परीक्षण गरिएको छ ।

रौतहटमा कोरोना सङ्क्रमित दुई जनाको सम्पर्कमा आएका ४७ जनाको पीसीआर परीक्षणको रिपोर्ट नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । सङ्क्रमितहरूका परिवारका सदस्य, नजिकका आफन्त र उनीहरूसँग सम्पर्कमा आएका व्यक्तिहरूलाई क्वारेन्टाइनमा राखेर स्वाब संकलन गरेर परीक्षणको लागि वैशाख १६ गते केन्द्रिय प्रयोगशाला टेकुमा पठाइएको थियो । वृन्द्रावन र देवाहीगोनाही नगरपालिकाका दुई जनामा कोरोना सङ्क्रमण पुष्टि भएपछि उनीहरूको कन्टयाक्ट्र ट्रेसिङ्गका आधारमा अन्य व्यक्ति पहिचान गरीएको थियो ।

भारतको लुधियानाको सानेवालमा रोजगारी गरिरहेका बारा जिल्ला सिम्रौनगढ नगरपालिका-६ अमरपुर का ३२ वर्षीय बिजय कुशवाहा उनको पत्नी, दुई छोरा र एक छोरी खाना खान नपाई अलपत्र परेको भन्दै घर पुऱ्याउन पहल गरिदिन स्थानीय सरकार, नेपाल सरका र इन्सेक जिल्ला प्रतिनिधिसँग आग्रह गर्नु भएको छ । घरबाट वैशाख २ गते रोजगारीका गर्न भारत भएपछि लकडाउनमा परेकाले घरबाट लगेको र कमाएको सबै पैसा सकिएकाले भोकै बसेर स्वास्थ्य अवस्था कमजोड भएको कुशवाहले बताउनु भएको छ । नगर प्रमुख बिजयशंकर यादवले दुई देशको विषय भएकाले सम्वन्धित निकयमा समन्वय गर्ने बताउनु भयो ।

धनुषाका विद्यार्थीहरूलाई लकडाउनको समयमा घरमै बसेर पढन पाउने व्यवस्था प्याब्सन र एनप्याब्सनले गरेको जनाएको छ । प्यावसन र एनप्यावसनको संयुक्त प्रयासमा जनकपुरधामको टाइम्स टेलिभिजन र जनकपुर टेलिभिजनबाट वैशाख १९ गते विहान ११ बजेदेखि २ बजेसम्म शिक्षकहरूले विद्यार्थीहरूलाई पढाउने प्यावसन प्रदेश २ का सचिव विश्वलाल सिंहले बताउनु भयो । कक्षा सातदेखि

१० सम्मका विद्यार्थीहरूलाई ११ बजेदेखि २ बजेसम्म नयाँ शैक्षिक सत्रको लागि कापी र कलम लिएर टेलिभिजन अगाडि बस्न एनप्याबसनका धनुषा अध्यक्ष अवधेश तिवारीले आग्रह गर्नु भएको छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार लकडाउनका कारण गत वर्ष जस्तो भव्यताका साथ नारा-जुलुस गरी अन्तर्राष्ट्रिय मजदुर दिवस हुन पाएन । नेकपा समर्थित मजदुर सङ्गठनले छिन्नमस्ता र राजविराजस्थित चोकमा सामाजिक दुरी कायम राखी मैनवत्ती प्रज्वलन गरेर १ सय ३१ औं अन्तर्राष्ट्रिय मजदुर दिवस मनाएको छ ।
त्यसैगरी, हनुमाननगर कंकालिनी नगरपालिका कार्यालय परिसरमा रहेको स्वास्थ्य शाखामा जनस्वास्थ्य अधिकृत बिरेन्द्र यादव र स्वास्थ्य सहसंयोजक सि.अहेव रामदेव यादवबीच वैशाख १९ गते कुटपिट भएको छ । कुटपिटबाट रामदेवको टाउको फुटेको छ भने बिरेन्द्रलाई सामान्य चोट लागेको छ । कोरोना (कोभिड-१९) रोकथाम र नियन्त्रणका लागि खरिद गरिएको सामनको हिसाब मागिरहेका बिरेन्द्रले एक महिनादेखि फेसबुकमार्फत असन्तुष्टि व्यक्त गर्दै आएका थिए । टाउको फुटेका रामदेवको स्थानीय क्लिनिकमा उपचार भएको छ ।
महामारीका बेला पनि हनुमाननगर कंकालिनी नगरपालिकामा व्यापक अनियमितता र भ्रष्टाचार भइरहेको भन्दै आवाज उठाई रहेका युवाहरूले माग गरेको कागजात नदिई चार दिनदेखि प्रशासकीय अधिकृत सम्पर्कविहीन रहेको स्थानीय राहुल मण्डलले बताउनु भयो ।
राजगढ गाउँपालिका-२ चार टोलमा वैशाख १९ गते राहत वितरण गरिएको वडा अध्यक्ष ललितप्रसाद सिंहले बताउनु भयो । हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित सप्तकोशी नदीमा माछा मारेर गुजारा गर्ने ६५ परिवारलाई "स्टोरीज अफ नेपाल" ले राहत वितरण गरेको छ ।
माछा मारेर जिविकोपार्जन गर्दै आएका ३८ परिवार मलाहा, सात परिवार मुस्लिम, ६ परिवार मुसहर, पाँच परिवार दास, चार परिवार चमार, तीन परिवार मण्डल तथा एक/एक जना यादव र साह परिवारलाई प्रति परिवार २५ किलो चामल, तीन किलो दाल, दुई लिटर तेल, दुई किलो नून, दुई किलो सोयाविन र ६ ओटा साबुन वितरण गरिएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार विष्णुपुर गाउँपालिकाले गरीब, दलित तथा विपन्न परिवारहरूको लागि वैशाख १९ गते देखि राहत वितरण कार्य सुरू गरेको छ ।
विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलदेव यादवले ६८ लाख ३२ हजार बराबरको कोरोना राहत कोष स्थापना गर्ने योजना अनुरूप वैशाख १९ गते वडा नम्बर १ बाट राहत वितरण कार्य सुरू गरेको बताउनु भयो । वैशाख १९ गते वडा नं.१ मा ३ सय ३० जनलाई राहत वितरण गरेको उहाँले बताउनु भयो ।
गाउँपालिकाको पाँच ओटै वडामा १ हजार ५ सय परीवारलाई राहत दिने योजन रहेको र यसै कोषबाट राहत, औषधी लगायतका सामग्रीहरू वितरण गर्ने योजन रहेको बताउनु हुँदै प्रमुख प्रशासकीय अधिकृत यादवले राहतमा २५ केजी चामल, दुई केजी दाल, एक केजी चिनी, एक केजी नुन र दुई ओटा साबुन वितरण गरेको बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार प्रादेशिक अस्पताल जनकपुरधामको पीसीआर मेसिनमा देखिएको समस्या बारे बुझ्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा.रूना झा वैशाख १८ गते जनाकपुर आइपुग्नु भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराज मणी पोखरेलको पहलमा स्वास्थ्य मन्त्रालयले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक झालाई जनकपुर पठाएको मन्त्री पोखरेलका स्वकीय सचिव शंकर महतोले जानकारी दिनु भयो ।
प्रादेशिक अस्पतालमा जडान गरिएको कोरोना परीक्षण गर्ने पीसीआर मेशिनमा गलत रिपोर्ट आउन थालेपछि करिब एक सातादेखि स्वाब परीक्षण सेवा बन्द भएको छ । कोरोना परीक्षण गर्न प्रदेश २ मै पहिलो पटक चैत २१ गते जनकपुरधाम प्रादेशिक अस्पतालमा पीसीआर मेसिन जडान गरिएको थियो । मन्त्री पोखरेलको गृह प्रदेश समेत रहेको प्रदेश २ मा रहेको एकमात्र पीसीआर मेशिन बन्द भएपछि उहाँले चासो लिनु भएको बताउनु भयो ।
त्यसैगरी, सोनमा गाउँपालिकामा वैशाख १९ गते देखि राहत वितरण सुरू भएको छ । राहत वितरणको पहिलो दिनमा गाउँपालिकाको वडा नम्बर २ सोनमा तरहारीमा रहेका ३ सय विपन्न घर परिवारलाई राहत वितरण गरिएको छ ।
वडा अध्यक्ष प्रमोद राय यादवको पहलमा ३ सय गरिब तथा विपन्न घर परिवारलाई गाउँपालिकाले राहत वितरण गरेको र छुटेका कोही भए सो परिवारलाई समेत राहत वितरण गर्ने यादवले बताउनु भयो । गाउँपालिकाले चार जना भन्दा बढी भएको परिवारमा २० किलो चामल र कम भएमा १० किलो चामल, त्यस्तै दुई किलो दाल, दुई किलो नुन, दुई लिटर तेल, दुई थान साबुन, सोयाबिन पाँच सय ग्राम, आलु पाँच सय ग्राम, चिनी एक किलो, टोकला चिया एक सय ग्राम र प्याज दुई किलो उपलब्ध गराइएको छ ।
त्यस्तै चार जना भन्दा कम भएको परिवारमा १० किलो चामल, एक किलो दाल, एक किलो नुन, एक लिटर तेल, दुई थान साबुन, पाँच सय ग्राम आलु, चिनि एक किलो, टोकला चिया एक सय ग्राम र प्याज दुई किलो उपलब्ध गराएको वडा नं २ का वडा अध्यक्ष रायले बताउनु भएको छ ।
यस्तो सङ्कटका घडिमा तथा आउने दिनहरू हुन सक्ने समस्यालाई मध्यनजर गरी सबै जनालाई गाउँपालिकाले सकेसम्म सहयोग गर्ने गाउँपालिका अध्यक्ष राजकुमार यादवले बताउनु भएको छ ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार कोरोना भाइरसबाट उत्पन्न जटिल परिस्थितिको अनुगमन गर्न सरोकारवाला निकायहरूको बसेको सर्वपक्षीय बैठकबाट पाँच सदस्यीय अनुगमन समिति गठन गरिएको छ ।
नेपाल बार एशोसिएसन जनकपुरका अध्यक्ष रामनेक साहको संयोजकत्वमा पाँच सदस्यीय जिल्लास्तरीय मानव अधिकार अवस्था अनुगमन समिति गठन गरिएको हो ।
समितिको सदस्यहरूमा गैसस महासङ्घका सुरेशप्रसाद यादव, नेपाल पत्रकार महासङ्घ धनुषाका कोषाध्यक्ष अवधेश कामत, राष्ट्रिय मानव अधिकार आयोगकी मानव अधिकार अधिकृत रेखा दत्त र मानवअधिकारकर्मी विनोद महरा सदस्य रहनु भएको छ ।
समितिले बाँच्न पाउने अधिकार, बिरामीहरूको उपचार, स्वास्थ्य सामग्री र औषधीको उपलब्धता, स्वास्थ्यकर्मीको मनोबल, निजी अस्पतालको भूमिका र कोरोना भाइरस सम्बन्धित स्वास्थ्य सम्बन्धी क्रियाकलापको अनुगमन गर्नेछ ।
यसका साथै विपन्न वर्गको जीवनयापनको समस्या, राहत वितरण र उपभोक्ता समितिको अधिकार, नागरिकहरूको न्याय प्रशासनमा पहुँच, आवात जावतमा समस्या, सीमामा आइपुगेका नेपालीको समस्या र सञ्चार माध्यमको भूमिका, समाजिक सञ्जालको प्रयोग लगायतका क्षेत्रमा पनि अनुगमन गर्ने अध्यक्ष रामनेक साहले जानकारी दिनु भयो ।

त्यसैगरी, धनुषाका विद्यार्थीहरूलाई लकडाउनको समयमा घरमै बसेर पढन पाउने व्यवस्था प्याब्सन र एनप्याब्सनले गरेका छन् । वैशाख १९ गतेदेखि तत्काल जनकपुरधामबाट प्रशारित दुईओटा टेलिभिजनले प्रत्येक शिक्षकहरूको क्लासको प्रशारण सुरू गरेका छन् ।
प्याबसन र एनप्याबसनको संयुक्त प्रयासमा जनकपुरधामको टाइम्स टेलिभिजन र जनकपुर टेलिभिजनवाट बिहान ११ बजे देखि २ बजे सम्म शिक्षकहरूले विद्यार्थीहरूलाई पढाउने प्याबसन प्रदेश २ का सचिव विश्वलाल सिंहले बताउनु भएको छ ।
कक्षा सात देखि १० सम्मका विद्यार्थीहरूलाई विहान ११ बजे देखि दिउँसो २ बजेसम्म नयाँ शैक्षिकसत्रको लागि कापी-कलम लिएर टेलिभिजन अगाडि बस्न एनप्याबसनका धनुषा अध्यक्ष अवधेश तिवारीले आग्रह गर्नु भएको छ ।
विद्यार्थीलाई मोबाइल दिँदा गलत प्रयोग हुन सक्ने र मोबाइल प्रविधिबाट गरिब विपन्नका बालबालिका पढ्न असहज समेत हुने भएकाले टेलिभिजनलाई रोजेको प्याबसन धनुषा अध्यक्ष गणेश साहले बताउनु भयो । टेलिभिजनबाट मुख्य पाँच विषयहरू नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक बिषय पढाइनेछ ।
कोरोना भाइरस महामारी जोखिम नियन्त्रणका लागि सरकारले लगाएको लकडाउनका कारण करिब ४० दिन देखि पठन-पाठन ठप्प छ ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार बसबरिया गाउँपालिका-५ धनगढामा वैशाख १९ गते केही युवाहरू मिलेर अति विपन्न गरिब परिवारहरूलाई राहत वितरण गरेका छन् ।
लकडाउनका कारण समस्यामा परेकाहरूलाई बसबरीया गाउँपालिकाले राहत वितरण नगरेपछि बसबरीया-५ धनगढाका केही युवाहरू मिलेर सङ्कलन गरेको चामल, दाल र नगदबाट ३५ जना अति विपन्न परिवारहरूलाई राहत वितरण गरेका हुन् ।
सर्लाहीको कतिपय स्थानीय तहमा दोश्रो चरणको राहत वितरण गर्न थालिएको छ तर बसबरिया गाउँपालिकामा हालसम्म राहत वितरण सुरू नै नगरिएका कारण समस्यमा परेका ३५ जना गरिब परिवारहरूलाई स्थानीय युवाहरूले मिलेर राहत वितरण गरेको युवा अभियनता सुनिल कुमार यादवले बताउनु भयो । राहतमा प्रति परिवारहरूलाई १० किलो चामल, एक किलो दाल, एक किलो नुन र आधा लिटर खाने तेल वितरण गरेको बसबरीया गाउँपालिका-५ धनगढा बस्ने युवा अभियनता यादवले बताउनु भयो ।
कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि सरकारले अह्वान गरेको लकडाउनका कारण समस्यामा परेका ज्याला मजदुरी गरेर खाने परिवारहरूलाई राहत वितरणको लागि प्रदेश सरकारले नगरपालिकालाई १५-१५ लाख र गाउँपालिकालाई १०-१० लाख रकम उपलब्ध गराएको छ । साथै सोही बराबरको रकम थपेर सबै स्थानीय तहलाई राहत वितरण गर्न प्रदेश २ सरकारले निर्देशन समेत दिएकोमा सर्लाही जिल्लाको बसबरिया गाउँपालिका लगायत कतिपय स्थानीय तहले हालसम्म पनि राहत वितरण नगरेको सर्लाहीका स्थानीयको गुनासो छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार रौतहटमा कोरोना सङ्क्रमितहरूका परिवारका सदस्य, नजिकका आफन्त र उनीहरूसँग सम्पर्कमा आएका व्यक्तिहरूलाई क्वारेन्टाइनमा राखेर स्वाब जम्मा गरी परीक्षणको लागि वैशाख १६ गते केन्द्रिय प्रयोगशाला टेकुमा पठाइएको थियो । वैशाख १६ गते रौतहटको वृन्द्रावन र देवाहीगोनाही नगरपालिकामा दुई जनामा कोरोना सङ्क्रमण पुष्टि भएपछि उनीहरूको कन्टयाक्ट ट्रेसिङ्गका आधारमा अन्य व्यक्ति पहिचान गरिएको थियो ।

सो क्रममा उनीहरूको परिवार र सम्पर्कमा आएका व्यक्तिहरूको स्वाब परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले जानकारी दिनु भयो । उहाँका अनुसार रौतहटमा कोरोना भाइरस सङ्क्रमित भएका दुई जनाको कन्ट्याक्ट ट्रेसिङ्गको आधारमा ४७ जनाको स्वाब परीक्षणको लागि सङ्कलन गरी केन्द्रिय प्रयोगशाला टेकु पठाइएको थियो ।
हाल सबै ४७ जनालाई क्वारेन्टाइनमा राखिएको छ । यसरी क्वारेन्टाइनमा राखिएकाहरूको रिपोर्ट नेगेटिभ आएपछि उनीहरूलाई १४ दिनसम्म क्वारेन्टाइनमै राखिरहने कि घर जान दिने भन्नेबारे स्वास्थ्य बिज्ञहरूसँग सल्लाह गरेर निर्णय लिने प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो । उहाँका अनुसार कन्टयाक्ट ट्रेसिङ्ग जारी राहेको छ । जिल्लामा सङ्क्रमण नफैलियोस् भनेर पूर्ण रूपमा सचेत रहेको उहाँले बताउनु भयो ।
रौतहटमा वैशाख १७ गतेबाट सुरू भएको शङ्कास्पद सबैको 'मास परीक्षण' अन्तर्गत हालसम्म वृन्दावन नगरपालिका-९ भुषाहामा २१ जना, चन्द्रपुर नगरपालिकामा दुई जना, देवाहीगोनाही नगरपालिकामा १३ जना, ईशनाथ नगरपालिकामा १९ जना, कटहरिया नगरपालिकामा ३१ जना, फतुवाविजयपुर नगरपालिकामा तीन जना गौर र गरूडा नगरापालिकामा एक–एक जनामा गरी ९१ जनामा सङ्क्रण भए नभएको परीक्षण गरिएको उहाँले जानकारी दिनु भयो ।
परीक्षण गरिएका सबै ९१ जनाको रिपोर्ट नेगेटिभ आएको छ । जिल्लामा हालसम्म तीन जनामा कोरोना भाइरस सङ्क्रमण भेटिएकोमा एक जना उपचार पश्चात निको भएर घर फर्किसकेका छन् । वैशाख १६ गते भेटिएका वृन्द्रावन र देवाहीगोनाही नगरपालिकाका दुई जना सङ्क्रमितहरूको पर्साको बीरगंज स्थित नारायणी उपक्षेत्रीय कोरोना बिशेष अस्पतालमा उपचार भइरहेको छ । उनीहरू दुबै जनाको स्वास्थ्य स्थिति सामान्य रहेको अस्पतालले जनाएको छ ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार भारतको लुधियानाको सानेवाल स्थानमा रोजगारी गरिरहेका सिम्रौनगढ नगरपालिका-६ अमरपुर निवासी ३२ वर्षीय विजय कुशवाहाले आफुले खाना खान नपाई अलपत्र परेको बताउनु भएको छ ।
घरबाट वैशाख २ गते रोजगारीका लागि भारत गएका उनी लकडाउनमा परेकाले घरबाट लगेको र कमाएको सबै पैसा सकिएकाले भोकै बसेर स्वास्थ्य अवस्था कमजोर भएको बताउनु भएको छ । उहाँले भारतको सरकारले नेपाली नागरिक भएकाले सहयोग नगरेको आरोप लगाउनु भएको छ । उहाँ हाल पत्नी, दुई छोरा र एक छोरी सहित भोकै बसिरहेको कुशवाहाले बताउनु भयो ।
परिवारलाई घर पुऱ्याउन पहल गरिदिन स्थानीय सरकार, नेपाल सरकार र इन्सेक जिल्ला प्रतिनिधिसँग उहाँले आग्रह गर्नु भएको छ । सहयोग गर्नका लागि सिम्रौनगढ नगरपालिकाका नगर प्रमुख विजयशंकर यादवलाई एउटा पत्र लेखेर अनुरोध गरेको उहाँले बताउनु भयो ।
नगर प्रमुख यादवले दुई देशको विषय भएकाले सम्वन्धित निकयमा समन्वय गर्ने बताउनु भएको छ ।
त्यसैगरी, लकडाउनमा रगतको अभाव भएकाले रगतको कमी हुन नदिनका लागि अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारेर वैशाख १९ गते जितपुरसिमरा उपमहानगरपालिका सिमरा स्वास्थ्य चौकीमा रक्तदान गरेको अखिल नेपाल ट्रेड युनियन महासङ्घले समाजिक दुरी कायम गरी रक्तदान सम्पन्न गरेको र ३८ जना मजदुरले रक्तदान गरेको बेनी तिमिलसिनाले बताउनु भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार नारायणी अस्पताललाई केन्द्र सरकारले कोभिड १९ अस्पतालमा परिणत गरेपछि अहिले यो विषयलाई लिएर राजनीतिक दल र नागरिकले विरोध सुरू गरेका छन् । बीरगंजमा ०७६ चैत ३० गते तीन जना भारतीय नागरिकमा कोरोना

भाइरसको सङ्क्रमण देखिएपछि सङ्घीय सरकारले बीरगंजको नारायणी अस्पताललाई लेभल २ को कोभिड १९ अस्पतालको रूपमा घोषणा गरेको थियो ।
केन्द्र तहबाट नारायणी कोभिड १९ अस्पताल घोषणा भएपछि त्यहाँ रहेका बिरामीहरूलाई बीरगंजमै रहेको नेशनल मेडिक कलेजमा सारिएको छ । यही बीचमा अस्थायी कोभिड १९ अस्पतालको रूपमा गण्डक अस्पतालसँग स्थानीय तह बीरगंज महानगरपालिकाले सम्झौता गरेपछि नारायणी कोभिड अस्पतालको विषयलाई लिएर अहिले विवाद बढेको हो । कोरोना भाइरसको सङ्क्रमण सुरू भएपछि चैत ६ गते भित्र सबै प्रदेशले कोभिड १९ अस्पताल सञ्चालनको तयारी गरेका थिए । तर, प्रदेश २ मा भने कोभिड १९ अस्पताल बारे कुनै तयारी गरिएन ।
नेपाली काँग्रेस, सत्तारूढ नेकपा र जनता समाजवादी पार्टी लगायतले नारायणी अस्पताललाई पूर्ववत रूपमा सञ्चालन गर्न माग गर्दै विज्ञप्ति जारी गरेका छन् ।
नारायणी अस्पतालका मेसु डा.मदन उपाध्यायले प्रदेश र स्थानीय तहबाट जिम्मेवारी बहन नगरिएपछि केन्द्र सरकारले नारायणीलाई कोभिड १९ अस्पतालमा परिणत गर्नु परेको बताउनु भयो । उहाँले कारोना सङ्क्रमित फेला परेपछिको अवस्थामा पनि कोभिड अस्पतालबारे प्रदेश र स्थानीय तह जिम्मेवार नभएपछि केन्द्रले नारायणीलाई कोभिड बनाएको बताउनु भयो । उहाँले कोभिड अस्पतालबारे राजनीतिक दलहरूले अहिले हल्ला गर्नुको साटो पहिले नै हल्ला गरेको भए नारायणी कोभिड अस्पतालमा परिणत हुने थिएन-भन्नु भयो । उहाँले अस्पताल सेवाविहीन रूपमा परिणत भएपछि आफूहरूलाई पनि नराम्रो लागेको प्रतिक्रिया दिनु भयो ।
कोभिड अस्पताल आवश्यक थियो र यसको तयारी प्रदेश तथा स्थानीय तहले तोकिएको समयमा गर्न नसक्दा नारायणी अस्पताललाई बाध्यकारी अवस्थामा कोभिड अस्पतालमा परिणत गर्नु परेको डा.उपाध्यायको बताउनु भएको छ ।
बीरगंज महानगरका नगर प्रमुख विजयकुमार सरावगीले नारायणीलाई कोभिड अस्पताल बनाउनुमा केन्द्र सरकारको कमजोरी रहेको आरोप लगाउनु भएको छ । उहाँले कोभिडको प्रकोप बढेसँगै केन्द्र सरकारले दिएको निर्देशन अनुसार स्थानीय तह अन्तर्गत महानगरले सबै निर्देशनको पालना गरेको दाबी गर्नु भयो । उहाँले केन्द्र सरकारले क्वारेन्टाइन बनाउन भनेको र क्वारेन्टाइन महानगरले निर्माण गरेको बताउनु भयो । कोभिड अस्पतालको सम्बन्धमा केन्द्र सरकारले समयमा निर्णय नगरेको र आम-मानिसको पहुँचमा रहेको नारायणी अस्पताललाई कोभिडमा परिणत गर्नु दुःखद भएको उहाँले बताउनु भएको छ ।
नगर प्रमुख सरावगीले नारायणीको साटो अन्यत्र कोभिड अस्पताल बनाउनु पर्ने प्रतिक्रिया दिनु भएको छ । केन्द्र सरकारले नारायणीलाई कोभिड बनाए पनि त्यसपछि गरिएको निर्देशन बमोजिम स्थानीय तहबाट महानगरले गण्डक अस्पतालसँग सम्झौता गरेको र सोलाई अस्थायी कोभिड अस्पताल बनाउन खोजेको बताउनु भयो । अरू कुनै अस्पतालले चासो नदेखाएको बेला गण्डक अस्पतालले सञ्चालन खर्च मात्र लिएर कोभिड अस्पताल बनाउन राजी भएको छ । यो अवस्थामा स्वास्थ्य मन्त्रालयले गण्डक अस्पताललाई नारायणीको अस्थायी कोभिड अस्पताल घोषणा गर्न ढिलाइ गरेर थप समस्या सिर्जना गरेको नगर प्रमुख सरावगीले बताउनु भयो ।
नगर प्रमुख सरावगीले पटक-पटक पत्राचार गर्दा पनि अहिलेसम्म स्वास्थ्य मन्त्रालयले स्थानीय तहले बनाएको अस्थायी कोभिड अस्पतालको प्रयासलाई सार्थक नबनाएको बताउनु भयो ।
यता, नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक बसरूद्दीन अन्सारीले पनि नारायणी अस्पताललाई पूर्ववत रूपमा सञ्चालन गर्नुपर्ने बताउनु भएको छ । उहाँले नारायणी अस्पताललाई कोभिड अस्पतालमा परिणत गर्दा आसपासका मानव बस्ती प्रभावित हुन सक्ने बताउनु भएको छ । कोभिड

अस्पताललाई मानव बस्तीभन्दा बाहिर सञ्चालन गर्नु पर्नेमा यो कार्यमा तीन तहकै सरकार असफल भएको उहाँले आरोप लगाउनु भयो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**